# पूर्वाञ्चल विश्वविद्यालय
# इञ्जिनियरिङ संकाय
## स्नातक तहका शैक्षिक कार्यक्रमहरूको

## प्रवेश परीक्षाको अनलाईन (ONLINE) आवेदन फाराम भर्ने सम्बन्धी सूचना

(प्रकाशित मिति २०८१।०४।०२ गते बुधबार)

पूर्वाञ्चल विश्वविद्यालय इञ्जिनियरिङ संकाय अन्तगर्तका आंगिक एवं सम्बन्धन प्राप्त स्कूल/क्याम्पस/कलेजहरूमा सञ्चालित इञ्जिनियरिङ संकाय अन्तर्गत स्नातक तहका BE (Civil, Computer, Electronics Communication & Automation, Electrical, Geomatic, Biomedical) र Bachelor in Architecture शैक्षिक कार्यक्रमहरूमा शैक्षिक सत्र २०८१।०८२ (सन् २०२४) मा नयाँ भर्नाको प्रवेश परीक्षाका लागि अनलाईन (ONLINE) आवेदन फाराम आह्वान गरिएको छ । विश्वविद्यालयद्वारा तोकिएको न्यूनतम् शैक्षिक योग्यता हासिल गरेका इच्छुक विद्यार्थीहरूले आफूले अध्ययन गर्न चाहेको शैक्षिक संस्था र शैक्षिक कार्यक्रम छनौट गरी ONLINE फारामको विवरण भरी सम्पूर्ण शैक्षिक योग्यताका प्रमाणपत्रहरू र पासपोर्ट साइजको Color फोटोको Scan Copy समेत Attach गरी तोकिएको दस्तुर सहित सम्बन्धित संकायमा Online Payment मार्फत् आवेदन फाराम भर्ने व्यवस्था मिलाइएको छ। नेपाल बाहेक अन्य मुलुकबाट हासिल गरेको शैक्षिक योग्यताको हकमा सम्बन्धित निकाय/संस्थाबाट जारी गरिएको समकक्षताको प्रमाणपत्रको Scan Copy अनिवार्य रूपले Attach गर्नु पर्ने ब्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराइन्छ। वा

<u>तपसिल</u>

१. **ONLINE** आवेदनका लागि **Website:** www.pufoe.edu.np, वा https://entrance.puexam.edu.np

२. आवेदन फाराम शुल्क (<u>सेवा शुल्क वाहेक</u>): रू. २,०००।- (दुई हजार मात्र)

३. बिलम्ब दस्तुर सहित (<u>सेवा शुल्क वाहेक</u>) रू. ३,०००।- (तीन हजार मात्र)

**४. प्रवेश परीक्षा संचालन हुने मिति र समय : २०८१।०५।०८ गते, दिउँसो २ बजे देखि ४:०० बजेसम्म**

**५. परीक्षा केन्द्र पछि प्रकाशित गरिने छ।**

६. **<u>आवेदन भर्ने सम्बन्धी अन्य व्यवस्था:</u>**

(क) इच्छुक आवेदक परीक्षार्थीहरूले भर्ना हुन चाहेको स्कूल/क्याम्पस/कलेजहरू छनौट गरी ONLINE मार्फत् प्रवेश परीक्षा फाराम भरेपछि **तोकिएको दस्तुर तिरी मिति २०८१।०४।३२ गतेसम्म र बिलम्ब दस्तुर तिरी मिति २०८१।०५।०३** गतेसम्म आवश्यक कागजातहरूको सक्कल प्रतिको Scanned Copy Attach गरी JPEG/JPG/PNG Format मा Upload गर्नु पर्नेछ।

(ख) स्कूल/क्याम्पस/कलेजहरूले ONLINE मार्फत् आवेदन गरेका विद्यार्थीहरूको आवश्यक कागजात र परीक्षा आवेदन शुल्क अनिवार्य रूपमा तोकिएको समयभित्र ONLINE रूजु (Verify) गर्नु पर्नेछ।

(ग) नियमानुसार तोकिएको शुल्क तथा आवश्यक कागजातहरू UPLOAD नगर्ने विद्यार्थीहरूको फाराम स्वीकृत हुने छैन।

(घ) रीत नपुगी आएका आवेदन फाराम तथा तोकिएका कागजात पूरा नभएका परीक्षार्थीहरूको फाराम रद्द भएमा सोको जिम्मेवार सम्बन्धित परीक्षार्थी नै हुनेछ।

७. **<u>छात्रवृत्ति सम्बन्धी व्यवस्था:</u>** पू.वि. छात्रवृत्ति सम्बन्धी विनियमावली २०७८ (संशोधन २०८०) बमोजिम विश्वविद्यालयबाट १० प्रतिशत (५ प्रतिशत जेहेन्दार र ५ प्रतिशत आरक्षित) छात्रवृत्ति प्रदान गर्ने व्यवस्था रहेको तथा आरक्षित छात्रवृत्तिका लागि आवेदन गर्न निम्न अनुसारको व्यवस्था रहेको छ।

- आरक्षित समूहमा आवेदन फाराम भर्ने विद्यार्थीहरूले आफूले भर्न चाहेको आरक्षित समूहमा अनिवार्य रूपले (√) चिन्ह लगाउनु पर्नेछ। साथै, छात्रवृत्ति सम्बन्धी विनियमावली २०७८ (संशोधन २०८०) मा उल्लेख भए बमोजिमका आवश्यक सम्पूर्ण सक्कल कागजातहरूको Scanned Copy अनिवार्य रूपले JPEG/JPG/PNG Format मा Upload गर्नु पर्नेछ।

८. पू.वि. इञ्जिनियरिङ्ग संकाय अन्तगर्तका प्रत्येक शैक्षिक कार्यक्रममा भर्नाका लागि तोकिएको आवश्यक न्यूनतम् शैक्षिक योग्यता सम्बन्धी विस्तृत जानकारी माथि उल्लेखित website बाटै प्राप्त गर्न सकिनेछ।

९. कक्षा १२ को परीक्षामा सहभागी भई परीक्षाफलको प्रतिक्षामा रहेका विद्यार्थीहरुले समेत कक्षा ११ उतिर्ण गरेको Grade sheet/Mark Sheet समेत Attached गरी आवेदन फारम भर्न सक्ने छन्। तर छात्रबृत्तिको हकमा आवश्यक सम्पूर्ण कागजात आवेदन फारम भर्ने अन्तिम मिति सम्म Upload गरिसक्नु पर्ने छ।

१०. ONLINE फाराम भर्ने सम्बन्धी विस्तृत जानकारी पू.वि. इन्जिनियरिङ्ग संकायको Website: www.pufoe.edu.np बाट प्राप्त गर्न सकिनेछ साथै केही थप जानकारी आवश्यक भएमा प्रवेश परीक्षा समितिको **Email ID:** entrance.support@pufoe.edu.np मा सम्पर्क राख्न सकिनेछ।

**पूर्वाञ्चल विश्वविद्यालय**
**इञ्जिनियरिङ संकाय प्रवेश परीक्षा समिति-२०८१**